# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० मंसिर १ गते

# हिंसाको राजनीति अन्त्य गर, मानवीय मूल्य र मान्यताको सम्मान गर

संविधानसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा सर्वसाधारण नागरिकहरूले आवगमन गरिरहेका सार्वजनिक यातायातका साधनहरूमा काठमाडौं, ललितपुर, चितवन, बाँके, मकवानपुर, सिन्धुली, सुर्खेत, दोलखा, दाङ, बर्दियालगायतका जिल्लाहरूमा भएको आगजनी तथा बम प्रहार, त्यसबाट भएको मानवीय एवम् भौतिक क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

ती निन्दनीय घटनाहरूप्रति आयोग चिन्ता र चासो प्रकट गर्दछ। घटनाका दोषीहरूउपर अनुसन्धान गरी कानुनी कारबाहीको दायरामा ल्याउन तथा घाइतेहरूको प्रभावकारी नि:शुल्क उपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

अर्कोतिर, निर्वाचनमा उम्मेदवारी दिएका व्यक्ति तथा दलका कार्यकर्ताहरूबीच भएको आक्रमण-प्रत्याक्रमणले स्वच्छ र भयरहित निर्वाचन हुनेमा संसय खडा भएको छ ।

कुनै पनि राजनीतिक प्रक्रियाको समर्थन वा शन्तिपूर्ण विरोध गर्ने सबै राजनीतिक दलहरूको अधिकार भए पनि आफ्नो जिजीविषाका लागि हिँडिरहेका निर्दोष मानिसहरूमाथि आक्रमण गरी खास राजनीतिक अभीष्ट पूरा गर्न खोज्नु निन्दनीय छ। मानवीय मूल्य, मान्यता र सुसंस्कारको जगबाट राजनीति सञ्चालन हुन सकेमा मात्र मानव अधिकारको उचित सम्मान हुन सक्दछ।

लोकतन्त्र र मानव अधिकारको जग निर्वाचन नै भएको हुँदा निर्वाचनको विकल्प नखोज्न तथा जनमतको कदर गर्न आयोग आग्रह गर्दछ। स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचनबाटै राजनीतिमा निखार आउनसक्ने र राजनीतिक मूल्य-मान्यताको कदर हुनसक्ने भएकोले तत्काल हिंसाको राजनीति अन्त्य गरी सहमतिको मार्गमा अघि बढ्न आयोग निर्वाचन बहिष्कारको पक्षमा रहेका दल र निर्वाचनमा सहभागी दलहरूसँग विशेष आग्रह गर्दछ।

...............
वेदप्रसाद भट्टराई
कामु सचिव